# राष्ट्रिय कानूनी सहायता नीति, २०७४
# (मस्यौदा)

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रिय कानूनी सहायता नीति, २०७४

## १. पृष्ठभूमि

नेपालको संविधानले न्याय सम्बन्धी हक अन्तर्गत असमर्थ पक्षलाई कानूनमा व्यवस्था भएबमोजिम निःशुल्क कानूनी सहायता पाउने हकको प्रत्याभूति गरेको छ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको न्यायमा समान र सहज पहुँचका लागि निःशुल्क कानूनी सहायता उपलब्ध गराई सबैलाई न्यायमा समान पहुँचको व्यवस्था गर्नु राज्यको दायित्व हो । असमर्थ पक्षलाई कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा संयुक्त राष्ट्रसंघबाट ग्रहण गरिएका मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा फौजदारी न्याय प्रणालीमा कानूनी सहायतामा पहुँच सम्बन्धी सिद्धान्तहरुलाई अवलम्बन गर्नुका साथै मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिमा पक्ष बनी नेपालले आफ्नो प्रतिबद्धता जनाएको छ । नेपालको संविधानले निःशुल्क कानूनी सहायतालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ ।

नेपालको संविधानले न्याय सम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था गरेको छ । संविधानले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहको अदालत तथा विवाद समाधानका लागि न्यायिक निकाय समेत गठन गर्न सक्ने व्यवस्था गरेको छ । साथै संविधानले स्थानीयस्तरमा उठेका विवादको निरुपण गर्न प्रत्येक गाउँपालिका र नगरपालिकामा न्यायिक समिति रहने व्यवस्था गरेको छ । यस सन्दर्भमा नेपाल सरकार, अदालत, न्यायिक समिति तथा नेपाल बार एशोसिएसन लगायतका सरोकारवाला निकाय तथा संस्था समेतको संलग्नता, सहभागिता र समन्वयमा एकीकृत रुपमा निःशुल्क कानूनी सहायता प्रदान गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गर्न आवश्यक देखिएको छ ।

संघीय राज्य व्यवस्थामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि संघ, प्रदेश तथा स्थानीय तहको समन्वयात्मक तथा प्रभावकारी भूमिकाको पहिचान गरी स्पष्ट नीतिगत व्यवस्था गर्न आवश्यक छ । नेपाल सरकार, न्यायपालिका, नेपाल वार एशोसिएसन तथा अन्य निकायबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराइँदै आएको भएतापनि कानूनी सहायताको दायरा र प्रभावकारी समन्वयको आवश्यकता महशुस गरी संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन तथा नेपालले जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई कार्यान्वयन गर्दै असमर्थ पक्षलाई

न्यायमा समान पहुँचको व्यवस्था गरी राज्यको दायित्व पूरा गर्नको लागि एकीकृत राष्ट्रिय कानूनी सहायता सम्बन्धी नीति तर्जुमा गरिएको छ ।

## २ कानूनी सहायता सम्बन्धमा भएका प्रयास

मुद्दामा कानून व्यवसायी राख्न असमर्थ पक्षका तर्फबाट सरकारी खर्चमा वैतनिक वकील राख्न पाउने व्यवस्थाको शुरुवात सर्वोच्च अदालतबाट २०१५ साल देखि नै भएको थियो । शुरुमा सर्वोच्च अदालतमा मात्र वैतनिक वकीलको व्यवस्था गरी निःशुल्क कानूनी सहायता प्रदान गरिएकोमा हाल यस्तो सेवालाई सबै तहका अदालत तथा अर्धन्यायिक निकायसम्म विस्तार गरिएको छ । अदालतमा दायर भएका मुद्दामा कानून व्यवसायी राख्न असमर्थ पक्षको तर्फबाट अदालतको आदेश बमोजिम वैतनिक कानून व्यवसायीबाट प्रतिनिधित्व गराउने गरिएको छ । अदालती कारबाही सम्बन्धी नियमावलीहरुमा अदालतबाट उपलब्ध हुने वैतनिक कानून व्यवसायी तथा अदालतले अन्य कानून व्यवसायीलाई असमर्थ पक्षको तर्फबाट प्रतिनिधित्व गर्न आदेश दिन सक्ने व्यवस्था गरिएको छ ।

नेपाल बार एशोसिएसनले स्थापनाकाल अर्थात सन् १९८७ देखि नै विभिन्न जिल्लामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको छ । त्यसैगरी, स्वेच्छिक निःशुल्क कानूनी सेवा (pro bono) समेतलाई थप प्रभावकारी, व्यवस्थित र संस्थागत गर्नको लागि विभिन्न प्रयास भइरहेको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले कानूनी राज्यको सिद्धान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन असमर्थ पक्षको प्रतिनिधित्वको लागि निःशुल्क कानूनी सहायता उपलब्ध गराउने राज्यको नीति अबलम्बन गरी कानूनी सहायता सम्बन्धी अवधारणालाई संवैधानिक रुपमा आत्मसाथ गरेको थियो । उक्त संविधानले अंगिकार गरेको कानूनी सहायता सम्बन्धी नीतिको कार्यान्वयन गर्ने क्रममा आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ पक्षको न्यायमा पहुँच बढाउनको लागि कानूनी सहायता सम्बन्धी ऐन, २०५४ एवं कानूनी सहायता सम्बन्धी नियमावली,२०५५ तर्जुमा गरिएको छ । संवत् २०५५ कार्तिक २३ गतेबाट उक्त ऐन शुरुमा नेपालका पाँचवटा जिल्लामा प्रारम्भ गरिएकोमा संवत् २०६६ असोज १ गते देखि सबै जिल्लामा लागू भईसकेको छ ।

कानूनी सहायता सम्बन्धी नियमावलीमा खास किसिमका फौजदारी मुद्दामा कानूनी सहायता उपलब्ध नगराउने व्यवस्था गरिएकोमा सर्वोच्च अदालतले लीलामणि पौडेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत भएको मुद्दामा त्यस्तो व्यवस्था अमान्य र बदर गरी देवानी तथा फौजदारी दुबै प्रकारका मुद्दामा कानूनी सहायता उपलब्ध गराउने गरी कानूनी सहायताको दायरा फराकिलो बनाएको थियो ।

विगतमा राज्यको निर्देशक सिद्धान्त तथा नीति अर्न्तगत रहेको निःशुल्क कानूनी सहायतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकको रुपमा व्यवस्था गर्दै असमर्थ पक्षको लागि कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराइने व्यवस्था गरेको थियो ।

## ३. कानूनी सहायताको वर्तमान स्थिति

नेपालको संविधानको धारा २० को उपधारा (१०) मा असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । त्यसैगरी, कानूनी सहायता ऐन, २०५४ (यसपछि 'ऐन' भनिएको) मा कानूनी सहायता संयन्त्रको रुपमा केन्द्रीय स्तरमा केन्द्रीय कानूनी सहायता समिति र जिल्लास्तरमा जिल्ला कानूनी सहायता समितिको व्यवस्था रहेको छ । ऐन जारी भएको शुरुका दिनमा निःशुल्क कानूनी सहायता प्राप्त गर्नको लागि वार्षिक चालीस हजार रुपैयाँ भन्दाकम आय भएका व्यक्तिलाई मात्र आयको सिफारिसको आधारमा निःशुल्क कानूनी सहायता उपलब्ध गराईने व्यवस्था रहेकोमा उक्त ऐनमा २०७२ सालमा भएको संशोधनबाट लैंगिक हिंसा र सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई आयको हद नलाग्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, घरेलु हिंसा (कसूर र सजाय) ऐन,२०६६ तथा अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लगायतका ऐनहरुमा जेष्ठ नागरिक, घरेलु हिंसा पीडित तथा अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गरी विशेष व्यवस्था गरिएको छ ।

निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि केन्द्रीय कानूनी सहायता समिति तथा जिल्ला कानूनी सहायता समितिको साथै न्यायपालिका तर्फ सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको छ । हालसम्म त्रिपन्न जिल्लामा मात्र निःशुल्क कानूनी सहायता कार्यालय स्थापना गरिएको छ । जिल्ला कानूनी सहायता कार्यालय रहेका जिल्लामा कर्मचारीको समेत काम गर्ने गरी एकजना अधिवक्ताको व्यवस्था रहेको छ । नेपाल सरकारले नमूनाको रुपमा दशवटा जिल्लामा सामाजिक कानूनी सहायता केन्द्रको स्थापना गरी सेवा उपलब्ध गराउँदै आएको छ ।

यसैगरी राष्ट्रिय महिला आयोग, महिला तथा बालबालिका कार्यालय जस्ता सरकारी निकाय तथा नेपाल बार एशोशिएसन लगायत अन्य गैरसरकारी संस्थाको तर्फबाट समेत निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको पाइन्छ ।

नेपाल सरकारले लागू गरेको निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रमको बारेमा सर्वसाधारणमा जानकारी प्रवाह गर्ने तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट स्थानीय स्तरमा पुगेर स्थानीय नागरिक, विद्यार्थी, शिक्षक तथा अभिभावक समेतलाई निःशुल्क कानूनी सहायता समेतको विषयमा सचेतनामूलक कार्यक्रम गर्दै

आएको र केन्द्रीय कानूनी सहायता समितिबाट समेत निःशुल्क कानूनी सहायताको विषयमा सूचना प्रवाह समेत हुने गरेको छ । नेपाल सरकारले स्वीकृत गरेका मानव अधिकार, बालबालिका, अपाङ्गता भएको व्यक्तिको अधिकार संरक्षण सम्बन्धी तथा मानव बेचविखन विरुद्धका विभिन्न कार्य योजनामा समेत निःशुल्क कानूनी सहायता उपलब्ध गराउने कार्यलाई प्रभावकारी बनाउनको लागि विशेष महत्व दिइएको छ ।

अदालतबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउने प्रयोजनको लागि वैतनिक कानून व्यवसायीको व्यवस्था गरी असमर्थ पक्षको लागि त्यस्ता कानून व्यवसायीबाट प्रतिनिधित्व गराउने व्यवस्था निःशुल्क कानूनी सहायताको एक महत्वपूर्ण र प्रभावकारी पक्षको रुपमा रहेको छ । यसका लागि हाल सर्वोच्च अदालतमा दुई जना र उच्च अदालत तथा जिल्ला अदालतमा एक एकजना वैतनिक कानून व्यवसायी रहने व्यवस्था मिलाइएको छ । वैतनिक कानून व्यवसायीको सेवालाई मुद्दाका पक्षहरुको तर्फबाट इजलाश समक्ष बहस पैरवी गर्ने मात्र नभई आवश्यकता अनुसार कानूनी लिखत तयारी, परामर्श सेवा, साक्षी परीक्षणका साथै असमर्थ पक्षको तर्फबाट तारेख समेत लिने गरी निःशुल्क कानूनी सहायता सेवाको विस्तार भएको छ । यस सन्दर्भमा अदालतबाट कारागारमा भ्रमण गरी कैदीहरुलाई कानूनी परामर्श सेवा प्रदान गर्ने कार्य समेत हुँदै आएको छ ।

## ४ नीतिको आवश्यकता

कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा रहेको निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि असमर्थ पक्ष पहिचानको आधार व्यवहारिक तथा वैज्ञानिक रहेको छैन । असमर्थ पक्षको पहिचान गर्दा आर्थिक पक्षलाई मात्र एकल आधारको रुपमा लिने गरिएको छ भने सामाजिक पक्षलाई आधार लिने व्यवस्था रहेको छैन । एकातर्फ उपलब्ध गराइएको निःशुल्क कानूनी सहायता प्रतिष्पर्धी र गुणस्तरीय नभएको जनगुनासो छ भने अर्कोतर्फ निःशुल्क कानूनी सहायतको लागि संस्थागत तथा भौतिक पूर्वाधारको कमी, दक्ष तथा अनुभवी जनशक्तिको अभाव पनि देखिएको छ । निःशुल्क कानूनी सहायता प्रदान गर्दा सरोकारवाला पक्षबीच समन्वय हुन नसक्नु, सेवाको प्रभावकारी अनुगमन, मूल्यांकन तथा प्रतिवेदन प्रणाली अवलम्वन हुन नसकेको तथा निःशुल्क कानूनी सहायता प्रदान गरिएको मुद्दाको अभिलेख तथा विवरण व्यवस्थित हुन नसकेको कारणबाट निःशुल्क कानूनी सहायता प्रभावकारी एवम् पारदर्शी रुपमा उपलब्ध गराउन समस्या रहेको छ ।

त्यसैगरी विभिन्न निकायबाट समेत आ-आफ्नै तरिकाले निःशुल्क कानूनी सहायता प्रदान गर्ने व्यवस्थाले स्रोत साधनको दोहोरोपना भई एकीकृत र प्रभावकारी निःशुल्क कानूनी सहायता उपलब्ध हुन सकेको छैन । निःशुल्क कानूनी सहायताको लागि जिल्ला कानूनी सहायता समितिमा पर्याप्त मानव स्रोतको व्यवस्था हुन सकेको छैन । आर्थिक पक्षलाई मात्र हेरेर निःशुल्क

कानूनी सहायता उपलब्ध गराउने व्यवस्थाले कानूनी सहायताको सामाजिक पक्षलाई समेट्न सकेको छैन । उल्लिखित विषयहरुलाई मध्यनजर गर्दा निःशुल्क कानूनी सहायताको सम्बन्धमा एकीकृत नीतिको आवश्यकता महशुस गरिएको छ ।

उपलब्ध सीमित स्रोत र साधनको उच्चतम उपयोग गरी एकीकृत, प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान गरी न्यायको पहुँचमा सबैको समान अवसरको सिर्जना गर्ने तथा संविधान प्रदत्त मौलिक हकको सुनिश्चित गरी निःशुल्क कानूनी सहायताको क्षेत्रको विस्तार र प्रभावकारीतामा अभिवृद्धि गर्नु यस क्षेत्रको चुनौतिको रुपमा रहेको छ । नागरिक समाज, सञ्चार माध्यम, नेपाल बार एशोशिएसन, मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरु समेतको सहकार्य र समन्वयमा निःशुल्क कानूनी सहायता प्रणालीको विकास गर्न आवश्यक भएको छ ।

संविधानले गरेको मौलिक हकको व्यवस्था तथा सबै क्षेत्र र अवस्थाका नागरिकलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधामा समान पहुँच सुनिश्चित गरी न्यायपूर्ण समाजको निर्माणमा राज्य केन्द्रीत हुनुपर्छ । राज्यका नीति तथा कार्यक्रमले विपन्न तथा पछाडि परेको समुदाय र वर्गको उत्थान तथा विकासमा प्राथमिकता दिंदै समुन्नत र समतामुलक समाजको निर्माणको लागि योगदान गर्ने गरी निःशुल्क कानूनी सहायता सम्बन्धी नीति तर्जुमा गरी विद्यमान कानूनी व्यवस्थामा आवश्यक परिमार्जन गर्नु पर्ने देखिन्छ ।

पछिल्ला दिनहरुमा नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि लगायतका महासन्धिको पक्ष बनेकोले सोको कार्यान्वयन गर्न, लैंगिक हिंसाबाट पीडित महिला, बालबालिका तथा सशस्त्र द्वन्दबाट पीडित व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने विस्तृत व्यवस्था गर्न, सामाजिक कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्न, अदालतमा सिमित रहेको यो सेवालाई अर्धन्यायीक निकाय समेतमा विस्तार गर्नका लागि विभिन्न विश्वविद्यालयका कानून संकायमा अध्ययनरत विद्यार्थी, कानून व्यवसायी, गैरसरकारी संघ संस्था र सार्वजनिक हितको लागि काम गर्ने संघ संस्था समेतको सहभागितामा एकीकृत निःशुल्क कानूनी सहायता प्रणाली विकास गर्नु पर्ने भएको छ ।

हालको कानूनी व्यवस्था अनुसार निःशुल्क कानूनी सहायता प्राप्त गर्ने प्रमुख आधारको रुपमा रहेको आर्थिक आयको सीमालाई समसामयिक बनाउन, प्रक्रियागत रुपमा सुधार गरी प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा आन्तरिक नियन्त्रण प्रणाली सहितको निःशुल्क कानूनी सहायता प्रणालीको विकास गर्न अति आवश्यक भएको छ ।

संविधान प्रदत्त निःशुल्क कानूनी सहायता पाउने मौलिक हकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, कानूनी शिक्षा, कानूनी परामर्श, मनोसामाजिक परामर्श, कानूनी लिखत तयारी, न्यायिक तथा अर्धन्यायिक निकायमा कानून व्यवसायीद्वारा प्रतिनिधित्व गराउने व्यवस्था गर्न,

देवानी तथा फौजदारी दुवै प्रकृतिका मुद्दा मामिलामा पीडित तथा अभियुक्त दुवै पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्थाको लागि एकीकृत कानूनी सहायता नीति अपरिहार्य भएको छ । साथै कानूनी सहायताको गुणस्तर सुनिश्चित गर्न र प्रभावकारीता अभिवृद्धि गरी निःशुल्क कानूनी सहायता सेवाको संख्या र प्रक्रियामा व्यापक रुपमा सुधार गर्नको लागि निःशुल्क कानूनी सहायता सम्बन्धी विभिन्न पक्षहरुलाई सम्बोधन हुने गरी एक यथार्थ परक, व्यवहारिक तथा प्रभावकारी निःशुल्क कानूनी सहायता प्रणालीको स्थापनाको लागि उपयुक्त नीति तर्जुमा गर्नु पर्ने भएको छ ।

एकीकृत कानूनी सहायता सम्बन्धी नीतिको सबै क्षेत्रबाट आवश्यकता महसुस गरिएको छ । नेपाल सरकारले वार्षिक नीति तथा कार्यक्रम र चौधौं त्रिवर्षीय योजनामा समेत एकीकृत कानूनी सहायता नीति अवलम्बन गर्ने कार्यक्रमलाई महत्वका साथ समावेश गरेको छ । सर्वोच्च अदालतको तेस्रो रणनीतिक योजनाले स्थानीय तहमा कानूनी सहायताको प्रबर्धनको लागि सरोकारवाला निकायहरुसँग समन्वय गरी एकीकृत कार्य प्रणालीको  विकास  गर्ने लक्ष राखेको छ । त्यसैगरी सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलन, नेपाल बार एसोसिएसनको तेह्रौं राष्ट्रिय सम्मेलन समेतबाट विद्यमान निःशुल्क कानूनी सहायता सम्बन्धी कानून, नीति तथा अभ्यासमा पुनावलोकन र आवश्यक नीति तथा कानूनको निर्माण गरी एकीकृत कानूनी सहायता प्रणाली लागू गर्न नेपाल सरकारलाई आह्वान गरेको छ ।

यद्यपी सर्वोच्च अदालतले आफ्नो तर्फबाट प्रदान गर्दै आएको वैतनिक कानून व्यवसायीबाट उपलब्ध हुने निःशुल्क कानूनी सहायता बाहेक ऐन बमोजिम के कतिजनाले के कस्तो निःशुल्क कानूनी सहायता प्राप्त गरे भन्ने कुनै एकीकृत वा खण्डिकृत तथ्याङ्क केन्द्रीय कानूनी सहायता समितिसँग छैन । त्यसैगरी निःशुल्क कानूनी सहायता प्राप्तीको लागि पूरा गर्नुपर्ने प्रक्रिया व्यवहारिक नरहेको, आयको हद ज्यादै कम रहेको, आय निर्धारणको आधारसमेत पारदर्शी नभएको र निःशुल्क कानूनी सहायता कार्यक्रम सञ्चालनको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली प्रभावकारी हुन नसकेको कुरा विभिन्न अध्ययनबाट देखिएको छ ।

निःशुल्क कानूनी सहायताको बारेमा सेवाग्राहीलाई प्रभावकारी रुपमा जानकारी प्रवाह हुन नसकेको तथ्य नेपाल सरकारले गरेको अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन, २०७२ ले समेत उजागर गरेको छ । सेवाग्राहीलाई माग बमोजिमको निःशुल्क कानूनी सहायता उपलब्ध गराउन सक्ने  सक्षमताको विकास गर्न नसकिएको कारण न्यायको सहज र समान पहुँचबाट कतिपय नागरिक बञ्चित हुन परेको अवस्था छ । हाल उपलब्ध गराउँदै आएको निःशुल्क कानूनी सहायता अदालतमा मात्र केन्द्रीत भएकोले अर्ध न्यायिक निकाय तथा कानूनी परामर्श दिने प्रयोजनको लागि सो सेवा उपलब्ध हुन सकेको छैन ।

घरेलु तथा लैंगिक हिंसाबाट पीडित महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, द्वन्द्व पीडित समेतलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने नीति राज्यले लिएको अवस्थामा हाल उपलब्ध निःशुल्क कानूनी सहायता प्रभावकारी तथा पर्याप्त हुन नसकेको र गैर सरकारी संस्था तथा एकभन्दा बढी सरकारी निकायबाटै आ-आफ्नै रुपबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउने वर्तमान व्यवस्थालाई सुधार गरी एकीकृत र प्रभावकारी निःशुल्क कानूनी सहायता प्रणालीको विकास गरी सामाजिक तथा आर्थिक रुपले असमर्थ पक्षलाई न्यायमा समान पहुँच सुनिश्चित गर्न यस क्षेत्रमा नीतिगत रुपमै व्यापक सुधार आवश्यक देखिएको छ ।

## ५. <u>नीतिको लक्ष्य</u>

आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षका लागि देवानी तथा फौजदारी विषयमा सरकारी तथा गैर सरकारी क्षेत्रको सहकार्यमा एकीकृत रुपमा गुणस्तरीय निःशुल्क कानूनी सहायता उपलब्ध गराई न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

## ६. नीतिको उद्देश्य

१. संविधान प्रदत्त निःशुल्क कानूनी सहायता पाउने हकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षलाई सहज रुपमा निःशुल्क गुणस्तरीय कानूनी सहायता उपलब्ध गराउने,
२. निःशुल्क कानूनी सहायताको क्षेत्र र दायरालाई विस्तार गर्दै एकीकृत सामाजिक-कानूनी सहायता प्रणालीको विकास गर्ने ।

## ७ उद्देश्य प्राप्तिको लागि लिईने नीति

१. आर्थिक तथा सामाजिक रुपले असमर्थ पक्षको पहिचानका आधारलाई व्यवहारिक र वैज्ञानिक बनाउने, (उद्देश्य १)
२. आर्थिक तथा सामाजिक रुपमा असमर्थ पक्ष तथा खास प्रकृतिका मुद्दा र अवस्थाका पक्षले सहज रुपमा निःशुल्क कानूनी सहायता पाउने व्यवस्था गर्ने, (उद्देश्य १)
३. स्थानीय न्यायीक समितिसँगको समन्वय र सहकार्यमा स्थानीय तहमा नै कानूनी शिक्षा सचेतना तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, (उद्देश्य १)
४. कानूनी सहायता सेवा प्रदायकको लागि आवश्यक पर्ने न्यूनतम योग्यता निर्धारण गरी त्यस्तो सेवा प्रदान गर्ने व्यवस्था मिलाउने, (उद्देश्य १)
५. कानून व्यवसायी तथा मनोसामाजिक परामर्श सेवा प्रदायकको जिल्लास्तरमा विषयगत सूची तयार गरी विषय विज्ञताको आधारमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, ( उद्देश्य १)

६. निःशुल्क कानूनी सहायता सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्ने, (उद्देश्य १)
७. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने । (उद्देश्य १)
८. कानूनी सहायता ऐन, २०५४ अर्न्तगको केन्द्रीय कानूनी सहायता समिति तथा जिल्ला कानूनी सहायता समिति, न्यायपालिकाबाट उपलब्ध गराईएको वैतनिक कानून व्यवसायी, नेपाल बार एशोसिएसन, मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरु, अन्य सरकारी निकाय तथा गैर सरकारी संस्थाबाट उपलब्ध गराईने निःशुल्क कानूनी सहायतालाई समेत समेटेर समन्वयात्मक रुपमा एकीकृत कानूनी सहायता उपलब्ध गराउने, (उद्देश्य २)
९. एकीकृत कानूनी सहायताको लागि सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहने गरी आवश्यक संस्थागत व्यवस्था गर्ने, (उद्देश्य २)
१०. न्यायिक निकायका अतिरिक्त अर्धन्यायिक निकाय तथा विवाद समाधानका बैकल्पिक संयन्त्रहरुमा समेत निःशुल्क कानूनी सहायतालाई क्रमशः विस्तार गर्ने,(उद्देश्य २)
११. देवानी तथा फौजदारी मुद्दा मामिलाको सबै चरणमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (उद्देश्य २)
१२. गैर सरकारी क्षेत्रले स्वीकृति लिएर निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्ने, (उद्देश्य २)
१३. एकीकृत कानूनी सहायताको लागि छुट्टै कोषको व्यवस्था गर्ने, (उद्देश्य २)
१४. सेवा प्रदायकको आचार संहिताको विकास गर्ने र कामको मूल्यांकनको आधारमा सेवा प्रदायकलाई पुरस्कार तथा कारबाहीको व्यवस्था गर्ने, (उद्देश्य २)
१५. एकीकृत कानूनी सहायता प्रणालीको लागि समन्वय, सहकार्य, अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणालीको विकास गर्ने । (उद्देश्य २)

## ८. रणनीति

१. आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका व्यक्तिको सम्बन्धित स्थानीय तहको सिफारिस वा प्रचलित कानून बमोजिम प्रदान गरिएको परिचयपत्रको आधारमा असमर्थ पक्षको रुपमा पहिचान गरी कानूनी सहायता प्रदान गर्ने, (नीति १)
२. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, घरेलु हिंसा, लैंगिक हिंसा तथा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति र जातीय भेदभाव तथा छूवाछूत कसूर पीडित व्यक्तिलाई निजको निवेदनको आधारमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति १)
३. देहायका व्यक्तिले आफू असमर्थ पक्ष भनी दिएको निवेदनको आधारमा निजको असमर्थताको पहिचान गरी निजलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति १)

(क) एकल महिला,

(ख) दलित,

(ग) आदीवासी जनजाती,

(घ) पिछडिएको क्षेत्रमा बस्ने व्यक्ति,

(ङ) मुस्लीम, मधेशी ।

४. अदालतले निःशुल्क कानूनी सहायता उपलब्ध गराउन आदेश दिएको व्यक्तिलाई त्यस्तो सहायता उपलब्ध गराउने, (नीति १)

५. लैंगिक हिंसा, घरेलु हिंसा, जातीय भेदभाव तथा छूवाछूत कसूरबाट पीडितलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति २)

६. कानून व्यवसायी राख्न असमर्थ फौजदारी मुद्दाका अभियुक्तलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति २)

७. कारागारमा रहेको थुनुवा वा कैदी बन्दीलाई सम्बन्धित कारागारको सिफारिसमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति २)

८. बहिरा र स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति २)

९. जिल्ला कानूनी सहायता समितिले जिल्लाभित्र स्थानीय न्यायीक निकायसँग समन्वय र सहकार्य गरी कानूनी शिक्षा सचेतना, मनोसामाजिक परामर्श र अन्य आवश्यक सेवा सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने, (नीति ३)

१०. कानूनी शिक्षा सचेतना, मनोसामाजिक परामर्श र अन्य आवश्यक सेवाका लागि विश्वविद्यालयमा कानून विषय अध्ययन गर्ने विद्यार्थी, नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालय, स्थानीय तहका सामाजिक परिचालक वा स्वयं सेवकहरुको परिचालन गर्ने, (नीति ३)

११. विद्यालय तहका विद्यार्थी तथा स्थानीय समुदायलाई लक्षित गरी कानूनी शिक्षा सचेतना अभियान सञ्चालन गर्ने, (नीति ३)

१२. कानूनी सहायता उपलब्ध गराउनको लागि घुम्ती कानूनी सहायता शिविर सञ्चालन गर्ने, (नीति ३)

१३. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने सेवा प्रदायकसँग परामर्श गरी कानूनी सहायताको प्रकृति बमोजिम त्यस्तो सेवा प्रदायकको न्यूनतम योग्यता निर्धारण गर्ने र त्यस्तो योग्यता भएका व्यक्ति मार्फत कानूनी सहायता उपलब्ध गराउने, (नीति ४)

१४. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने सेवा प्रदायकसँग परामर्श गरी त्यस्तो सेवा सञ्चालनको मापदण्ड निर्धारण गर्ने, (नीति ४)

१५. निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्लामा उपलब्ध कानून व्यवसायीको विषय विज्ञता तथा समावेशी सिद्धान्तको आधारमा सूची (रोष्टर) तयार गर्ने, (नीति ५)

१६. निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्लामा उपलब्ध बालमनोवेत्ता तथा मनोसामाजिक परामर्श सेवा प्रदायकको समावेशी सिद्धान्तको आधारमा सूची (रोष्टर) तयार गरी सो आधारमा सेवा उपलब्ध गराउने, (नीति ५)

१७. लैंगिक हिंसा वा घरेलु हिंसा पीडित महिलालाई उपलब्ध भएसम्म महिला कानून व्यवसायी मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति ५)

१८. नेपाल बार एशोसिएसन एवं कानून व्यवसायीलाई स्वैच्छिक रुपमा निःशु:ल्क कानूनी सहायता उपलब्ध गराउनको लागि प्रेरित गर्ने तथा त्यसको लागि कानून व्यवसायीको क्षमता विकास गर्ने, (नीति ५)

१९. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायी, जिल्ला कानूनी सहायता समितिका कर्मचारी एवं पदाधिकारीहरुको अनुभव आदान प्रदान गर्न तथा यस क्षेत्रमा रहेका समस्याको विषयमा समय समयमा तालीम तथा अन्तरक्रिया सञ्चालन गर्ने, (नीति ६)

२०. जिल्ला कानूनी सहायता समितिलाई आवश्यक पर्ने वित्तीय तथा भौतिक स्रोत साधन उपलब्ध गराउने, (नीति ६)

२१. वैतनिक कानून व्यवसायीको सेवालाई पाँच वर्षको लागि हुने गरी नियुक्ति गर्ने तथा अर्धन्यायिक निकायमा समेत सेवा दिने व्यवस्था मिलाउने, (नीति ६)

२२. वैतनिक कानून व्यवसायी वा जिल्ला कानूनी सहायता समितिको वकीलले अदालतमा प्रतिनिधित्व गर्दा वा कानूनी सहायता प्रदान गर्दा सन्तोषजनक रुपमा काम गरेको नपाइएमा हटाउन सक्ने कानूनी व्यवस्था गर्ने, (नीति ६)

२३. जिल्ला कानूनी सहायता समितिको भौतिक संरचनालाई अपाङ्गतामैत्री, बालमैत्री तथा लैंगिक मैत्री बनाउने, (नीति ७)

२४. बालबालिका मैत्री कानूनी सहायताको लागि कानूनी सहायता प्रदायकलाई आवश्यक तालीम उपलब्ध गराउने, (नीति ७)

२५. स्थानीय बालक्लब, विद्यार्थी तथा अभिभावकलाई कानूनी शिक्षा तथा निःशुल्क कानूनी सहायताको विषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने, (नीति ७)

२६. जिल्ला कानूनी सहायता समिति, वैतनिक वकील तथा अन्य कानूनी सहायता प्रदान गर्ने अन्य निकायबाट प्रदान गरिने निशुल्क कानूनी सहायतालाई एकीकृत तथा व्यवस्थित गर्ने, (नीति ८)

२७. निःशुल्क कानूनी सहायता उपलब्ध गराउनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न सबै निकायहरु बीच सिफारिस (रेफरल) प्रणाली विकास गर्ने, (नीति ८)

२८. जिल्लास्तरमा जिल्ला अदालत, जिल्ला सरकारी वकील कार्यालय र जिल्ला बारको प्रतिनिधित्व रहने गरी एकीकृत संस्थागत संरचनाको व्यवस्था मिलाउने, (नीति ९)

२९. जिल्ला कानूनी सहायता समितिले वैतनिक वकीलको नियुक्ति गर्ने र त्यस्तो वकीलले अदालतमा वैतनिक वकीलको रुपमा काम गर्ने, (नीति ९)

३०. मेलमिलाप तथा विवाद समाधानका बैकल्पिक उपायमा समेत निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति १०)

३१. अर्धन्यायिक निकायमा पेश गर्नु पर्ने लिखत तयारी, मुद्दामा पक्षको तर्फबाट कानून व्यवसायीबाट प्रतिनिधित्व र आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा समेत उपलब्ध गराउने, (नीति १०)

३२. मुद्दामा शुरु निवेदन तथा लिखत तयारी लगायत मुद्दा मामिलाको सुनुवाई पूर्व देखि फैसला कार्यान्वयनसम्मका सबै चरणमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (नीति ११)

३३. राष्ट्रिय कानूनी सहायता परिषद्मा सूचीकृत भएका गैर सरकारी संस्थाले कानूनी सहायता प्रदान गर्ने व्यवस्था गर्ने, (नीति १२)

३४. गैर सरकारी संस्थाबाट प्रदान गरिने कानूनी सहायतालाई कानूनी सचेतना, परामर्श तथा लिखत तयार गर्ने, कानूनी सहायता समितिको तथा कानूनी सहायता प्रदान गर्ने अधिकृतको क्षमता अभिवृद्धिको कार्यमा जोड दिने, (नीति १२)

३५. राष्ट्रिय कानूनी सहायता परिषद्ले कानूनी सहायता प्रदान गर्ने जिल्ला र क्षेत्र निर्धारण गर्ने, (नीति १२)

३६. निःशुल्क कानूनी सहायताको सेवा प्रदायकलाई सूचीकृत गर्दा कार्यक्षेत्रगत शर्त तोक्ने गरी कानूनी व्यवस्था गर्ने, (नीति १२)

३७. नेपाल सरकारले वैतनिक वकील, कानूनी सहायता समिति तथा अन्य सरकारी निकायलाई प्रदान गर्दै आएको रकम र कुनै व्यक्ति, संस्था वा निकायले सहयोगको रुपमा उपलब्ध गराएको रकम कोषमा राख्ने, (नीति १३)

३८. निःशुल्क कानूनी सहायता कोषमा रहेको रकम कानूनी सहायताको लागि मात्र उपलब्ध गराउने, (नीति १३)

३९. सेवा प्रदायकको आचार संहिता बनाई लागू गर्ने, (नीति १४)

४०. सम्बन्धित न्यायाधीश, जिल्ला कानूनी सहायता समिति तथा सेवाग्राहीको पृष्ठपोषणको आधारमा सेवा प्रदायकको मूल्यांकन गर्ने, (नीति १४)

४१. एकीकृत कानूनी सहायता प्रणालीको अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको जिम्मेवार अधिकारी तोक्ने, (नीति १५)

४२. एकीकृत कानूनी सहायता प्रणालीको अनुगमन, मूल्यांकन र प्रतिवेदनको ढाँचा तय गर्ने, (नीति १५)

४३. जिल्ला कानूनी सहायता समितिले गैर सरकारी संस्थाबाट प्रदान गरिने कानूनी सहायता सेवाको अनुगमन तथा मूल्यांकन गर्ने, (नीति १५)

## ९. संस्थागत व्यवस्था

### ९.१ राष्ट्रिय कानूनी सहायता परिषद्को व्यवस्था

निःशुल्क कानूनी सहायता सेवालाई सहज तथा प्रभावकारी रुपमा उपलब्ध गराउनको लागि नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय तथा नेपाल वार एशोसिएशनको समन्वय, सहभागिता र सहकार्य हुने गरी हालको संस्थागत संरचनाको पूनर्संरचना गरिनेछ । निःशुल्क कानूनी सहायता सम्बन्धमा नेपाल सरकारसँग समन्वय तथा सहकार्यको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा निःशुल्क कानूनी सहायता सम्बन्धी काम गर्न बेग्लै महाशाखाको व्यवस्था गरी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ । उच्च अदालत, जिल्ला अदालत तथा सरकारी वकीलको कार्यालयसँगको समन्वय र सहकार्यमा प्रदेश तथा जिल्लास्तरमा समेत निःशुल्क कानूनी सहायता सम्बन्धी संयन्त्रको व्यवस्था गरी कानून सहायता सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ । यसको लागि हालको केन्द्रीय कानूनी सहायता समितिको संस्थागत संरचनालाई परिवर्तन गरी वृहत् कार्यक्षेत्र सहितको राष्ट्रिय कानूनी सहायता परिषद्को व्यवस्था गरिनेछ । कानूनी सहायताको लागि सर्वोच्च निकायको रुपमा रहने सो परिषद्मा देहायका निकाय तथा संस्थाको प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ :-

(क) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्री - अध्यक्ष
(ख) महान्यायाधिवक्ता - सदस्य
(ग) मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत - सदस्य
(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (कानून) - सदस्य
(ङ) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव - सदस्य
(च) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
(छ) नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालयको सचिव - सदस्य
(ज) नेपाल सरकारको संघीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव - सदस्य
(झ) नेपाल सरकारको अर्थ मन्त्रालयको सचिव - सदस्य
(ञ) राष्ट्रिय महिला आयोगको सचिव - सदस्य
(ट) नेपाल बार एशोसिएशनको अध्यक्ष - सदस्य
(ठ) कानूनी सहायता प्रदान गर्ने संस्थाहरुमध्येबाट राष्ट्रिय कानूनी सहायता परिषद्ले तोकेको संस्थाको प्रतिनिधि - सदस्य
(ड) नेपालका विश्व विद्यालयमध्येबाट कुनै विश्वविद्यालयको कानून संकायको डीन, प्रतिनिधि -सदस्य

(ढ) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सम्बन्धित महाशाखाको प्रमुख -सदस्य-सचिव

परिषद्को काम कारबाहीलाई समन्वयात्मक तथा प्रभावकारी बनाउनका लागि परिषद्को परिषद्ले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ तथा सरोकारवाला प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

## ९.२ राष्ट्रिय कानूनी सहायता परिषद्को काम, कर्तव्य र अधिकार

राष्ट्रिय कानूनी सहायता परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिनेछ :-

१. निःशुल्क कानूनी सहायता सम्बन्धी नीति एवं कार्यक्रम निर्धारण गर्ने,
२. जिल्ला कानूनी सहायकता समितिको काम कारबाहीहरुको रेखदेख र नियन्त्रण गर्ने तथा त्यस्ता समितिहरुलाई आवश्यकता अनुसार निर्देशन दिने,
३. निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यको लागि आर्थिक स्रोतको व्यवस्थापन तथा बजेट पारित गर्ने,
४. निःशुल्क कानूनी सहायता सम्बन्धी कामको लागि आवश्यकता अनुसार विभिन्न उपसमिति गठन गर्ने तथा त्यस्ता उपसमितिको काम, कर्तव्य र अधिकार तोक्ने,
५. निःशुल्क कानूनी सहायता प्रदान गर्ने प्रयोजनको लागि न्यूनतम आय निर्धारण गर्ने प्रक्रिया निर्धारण गर्न,
६. विभिन्न संघ संस्थाबाट प्रदान गरिने कानूनी सहायतालाई नियमन गर्नको लागि आवश्यक मापदण्ड स्वीकृत गर्ने,
७. निःशुल्क कानूनी सहायताको अनुगमन तथा मूल्यांकन गर्ने गराउने,
८. निःशुल्क कानूनी सहायता सेवा प्रदायकको आचार संहिता निर्धारण गर्ने,
९. कार्यसमितिले पेश गरेको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

## ९.३ कार्यकारी समितिको गठन :

राष्ट्रिय कानूनी सहायता परिषद्को नीतिगत निर्णय र निर्देशनमा रही नियमित काम गर्नको लागि नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएशनको प्रतिनिधित्व हुने गरी एक कार्यकारी समिति रहने व्यवस्था गरिनेछ । त्यस्तो कार्यकारी समितिमा

नेपाल बार एशोसिएशनको तर्फबाट दुई जना कानून व्यवसायी रहने गरी व्यवस्था मिलाइनेछ ।

कार्यकारी समितिको लागि आवश्यक पर्ने मानव स्रोत, सचिवालय तथा अन्य भौतिक साधन स्रोतको व्यवस्था नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले उपलब्ध गराउने छ ।

## ९.४ कार्यकारी समितिको काम, कर्तव्य र अधिकार

कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिनेछ :–

१. राष्ट्रिय कानूनी सहायता परिषद्बाट स्वीकृत मापदण्डको अधीनमा रही निःशुल्क कानूनी सहायता प्रदान गर्ने संघ संस्थालाई सूचिकृत गरी सोको अभिलेख राख्ने,

२. राष्ट्रिय कानूनी सहायता परिषद्को बार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

३. निःशुल्क कानूनी सहायताको लागि आवश्यक पर्ने रकम मातहतका कानूनी सहायता समितिलाई उपलब्ध गराउने,

४. कानूनी सहायता समितिहरुको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

५. जिल्ला कानूनी सहायता समितिहरुबाट उपलब्ध गराइएका कानूनी सहायताको विषयमा प्राप्त विवरणको आधारमा निःशुल्क कानूनी सहायता प्रदान गरिएका मुद्दाहरुको विवरण, खर्च तथा समस्याको विषयहरु समेत समावेश गरी प्रत्येक चार महिनामा चौमासिक र प्रत्येक आर्थिक वर्ष समाप्त भए पछि वार्षिक प्रतिवेदन गरी राष्ट्रिय कानूनी सहायता परिषद् समक्ष पेश गर्ने,

६. कानूनी सहायता सम्बन्धी विद्यमान ऐन, नियमावली तथा आचार संहिताको विपरित कारबाही गर्ने कानूनी सहायता समितिका कर्मचारीलाई कारबाही गर्ने,

७. कानूनी सहायता प्रदान गर्न कानून व्यवसायीहरुको मापदण्ड तयार गरी स्वीकृतिको लागि राष्ट्रिय कानूनी सहायता परिषद् समक्ष पेश गर्ने,

८. जनसाधारणलाई कानून र निःशुल्क कानूनी सहायता सम्बन्धमा जानकारी गराउन विभिन्न विषयमा परिचयात्मक पुस्तक, पुस्तिका, विवरण आदिको प्रकाशन तथा वितरण गर्ने र सो कामको लागि अनुसन्धान गर्ने, गराउने,

९. राष्ट्रिय कानूनी सहायता परिषद्को निर्णय कार्यान्वयन गर्ने गराउने,

१०. कानूनी सहायता सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने ।

## ९.५ प्रदेशस्तरको संगठन संरचना

एकीकृत रुपमा कानूनी सहायता उपलब्ध गराउनको लागि प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेश सरकारले गठन गरे बमोजिमको प्रदेश स्तरको कानूनी सहायता समिति रहने व्यवस्था गरिनेछ । प्रदेश स्तरको कानूनी सहायता समितिले आफ्नो प्रदेश अन्तर्गतका जिल्ला कानूनी सहायता समितिहरु बीच समन्वय गर्ने, जिल्ला कानूनी सहायता समितिहरुको काम, कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने र प्रदेश सरकारले तोकेका कानूनी सहायता सम्बन्धी कार्य समेत गर्ने व्यवस्था मिलाइनेछ ।

## ९.६ जिल्लास्तरको संगठन संरचना

प्रत्येक जिल्लामा देहाय बमोजिमका सदस्यहरु रहेको जिल्ला कानूनी सहायता समिति गठन गर्ने व्यवस्था गरिनेछ :-

(क) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय - अध्यक्ष

(ख) जिल्लास्थित बार एशोसिएशनका इकाईहरु मध्ये माथिल्लो इकाईको अध्यक्ष - उपाध्यक्ष

तर काठमाडौ जिल्लाको हकमा जिल्ला बार एशोसिएशनको अध्यक्ष सदस्य हुनेछ ।

(ग) श्रेस्तेदार वा निजले तोकेको अधिकृत, जिल्ला अदालत - सदस्य

(घ) जिल्लाको सदरमुकाम रहेको स्थानीय तहको महिला तथा बालबालिका विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख - सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको महिला अधिकृत - सदस्य

(च) जिल्लाका कानून व्यवसायीहरु मध्येबाट जिल्ला बार इकाईबाट मनोनीत एक जना - सदस्य

(छ) जिल्लाका कानूनी सहायता प्रदायकको प्रतिनिधित्व हुनेगरी जिल्ला समितिबाट मनोनीत कम्तीमा एकजना - सदस्य

(ज) सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको प्रतिनिधि - सदस्य

(झ) जिल्ला न्यायाधिवक्ताले तोकेको जिल्ला सरकारी वकील कार्यालयको कर्मचारी - सचिव

जिल्ला कानूनी सहायता समितिको कार्य सञ्चालन तथा प्रतिवेदनको लागि जिल्ला सरकारी वकील कार्यालयमा सचिवालय रहनेछ र हाल जिल्ला कानूनी सहायता समितिका कर्मचारीबाट प्रदान गरिदै आएको कानूनी सहायतालाई एकीकृत तथा प्रभावकारी रुपमा प्रदान गर्न निजले सम्पादन गर्ने काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

जिल्ला कानूनी सहायता समितिसँगको समन्वयमा स्थानीय तहले आफ्नो क्षेत्रमा कानूनी सहायता प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

राष्ट्रिय कानूनी सहायता परिषद्बाट स्वीकृत मापदण्डको आधारमा जिल्ला कानूनी सहायता समितिले कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायीहरुको सूची तयार गर्नेछ ।

सरकार वादी मुद्दामा कानूनी सहायता उपलब्ध गराउने विषयमा निर्णय गर्दा जिल्ला कानूनी सहायता समितिको बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र त्यस्तो मुद्दामा उपाध्यक्ष कानून व्यवसायीको रुपमा रहेकोमा जिल्ला अदालतबाट प्रतिनिधित्व गर्ने सदस्यले बैठकको अध्यक्षता गर्ने व्यवस्था गरिनेछ ।

जिल्ला कानूनी सहायता समितिको काम, कारबाहीलाई सहयोग गर्नको लागि विशिष्टीकृत उपसमितिको रुपमा देवानी तथा फौजदारी विषयको लागि छुट्टाछुट्टै उपसमिति गठन गर्न सकिने व्यवस्था गरिनेछ । त्यसरी उपसमिति गठन गर्दा देवानी मुद्दामा कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा, फौजदारी मुद्दामा कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा जिल्ला बार एशोसिएशनको अध्यक्षको अध्यक्षतामा गठन गरिने व्यवस्था गरिनेछ । जिल्ला बार एशोसिएशनको अध्यक्षको अध्यक्षतामा गठन गरिने उपसमितिले घुम्ती कानूनी सहायता सेवा सञ्चालन गर्ने काम समेत हेर्ने गरी व्यवस्था गरिनेछ ।

## ९.७ राष्ट्रिय कानूनी सहायता परिषद् र कार्यकारी समितिको सचिवालय

राष्ट्रिय कानूनी सहायता परिषद् र कार्यकारी समितिको सचिवालय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय रहनेछ । निः शुल्क कानूनी सहायता सम्बन्धी एकीकृत अभिलेख तथा प्रतिवेदनको काम कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

सम्बन्धित महाशाखाले  गर्नेछ । राष्ट्रिय कानूनी सहायता परिषद् र कार्यकारी समितिको सचिवालयको लागि आवश्यक कर्मचारीको व्यवस्था मन्त्रालयले गर्नेछ ।

## १० नीतिको कार्यान्वयन

कानूनी सहायता नीतिको कार्यान्वनको लागि निःशुल्क कानूनी सहायता सम्बन्धी संस्थागत संयन्त्रको मूल जिम्मेवारी रहने गरी सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय तथा नेपाल वार एशोसिएनको सहयोगमा उपयुक्त व्यवस्था मिलाईने छ । त्यसैगरी नेपाल सरकारका संघीय मामिला, महिला, बालबाालिका, ज्येष्ठ नागरिक सम्बन्धी विषय हेर्ने मन्त्रालय र सो अन्तर्गतका कार्यालयकाबीचमा आपसी सहयोग तथा सहकार्यलाई प्राथमिकतामा राखी कानूनी सहायताको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त वातावरणको सिर्जना गरिनेछ । कानूनको क्षेत्रमा अध्यापन गराउने विश्वविद्यालयका कानून संकाय, गैरसरकारी संस्थासँग सहकार्य गर्दै नीतिको कार्यान्वयनमा जोड दिईनेछ । निःशुल्क  कानूनी सेवाको बारेमा व्यापक जानकारी प्रवाह गर्ने तथा कार्यान्वयनका लागि प्रस्ताव गरिएका संस्थागत संरचना र जनशक्तिको क्षमता विकास गरिनेछ । यसको लागि लाग्ने आर्थिक स्रोत एकमुष्ट रुपमा परिचालन गरिनेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन

निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रमको कार्यान्वयन प्रभावकारी भए नभएको तथा यस नीतिको उद्देश्य प्राप्त भए नभएको विषयमा आन्तरिक रुपमा अनुगमन गर्ने कार्य निःशुल्क कानूनी सहायता प्रदान गर्ने संयन्त्रबाट हुनेछ  । निःशुल्क कानूनी सहायता प्रदान गर्ने संस्थाको काम कारबाही तथा कार्यक्रमको प्रभावकारीताको विषयका सर्वोच्च अदालतको योजना तथा अनुसन्धान सम्बन्धी विषय हेर्ने महाशाखा, कानून तथा न्याय मन्त्रालयको निःशुल्क कानूनी सहायता हेर्ने महाशाखा, महान्यायाधिवक्ताको कार्यालयको सम्बन्धित महाशाखाले संयुक्त रुपमा गर्नेछन् । वर्षको कम्तीका एकपटक सेवाग्राहीको पृष्ठपोषण सहितको अनुगमन गर्ने कार्यतालिका बनाई कार्यान्वयनमा ल्याईनेछ ।

## १२. कानूनी व्यवस्थामा सुधार

यस नीतिको व्यवस्थालाई कार्यान्वयनको लागि मौजुदा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ तथा कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ को सट्टा नयाँ ऐन तथा नियमावलीको मस्यौदा तर्जुमा गरिनेछ । संघीय संसदबाट नयाँ ऐन जारी गर्नको लागि संसद समक्ष विधेयक पेश गरिनेछ । सो विधेयकले ऐनको रुप लिएपछि तद् अनुरुपको नियमावली जारी गरिनेछ । ऐन तथा नियमको व्यवस्थाको अधीनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाई कार्यान्वयनमा ल्याईनेछ ।

## १३. नीतिको पुनरावलोकन तथा सुधार

नीतिको प्रभावकारीता, उपयुक्तता र उपादेयताको विषयका प्रत्येक पाँच वर्षमा स्वतन्त्र रुपमा मूल्यांकन गरी नीतिको कार्यान्वयनको सन्दर्भमा प्राप्त अनुभवको आधारमा नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।